वर्ष : २१, अंक : १०, काठमाडौं, २०८२ असार १३ गते शुक्रबार, 27 June, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/–

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## भावी कार्यक्रम बनाउँदै लोकतान्त्रिक मोर्चा



काठमाडौं । तराई-मधेशकेन्द्रित सात राजनीतिक दलको संघीय लोकतान्त्रिक मोर्चाको बैठक बिहीबार बसेको बसेको छ । सो बैठकले कुनै निर्णय नगरे पनि भावी कार्यक्रम बनाउन गृहकार्यमा जुटेको छ । नागरिक उन्मुक्ति पार्टीले बोलाएको बैठकमा छलफलका लागि पाँच एजेण्डा तय गरिएको थियो ।

रुपन्देही क्षेत्र न. ३ को उपचुनाव, मोर्चाको भावी कार्यक्रम, कार्यविधिको पूर्णता, राजवन्दी रिहाइ, विविध लगायतका विषयमा छलफल गर्न बैठक बोलाइएको थियो । राष्ट्रिय जनमुक्ति पार्टीका नेता केशव झाका अनुसार आइतबार बस्ने गरी बिहीबारको बैठक टुंगिएको छ । आ-आफ्नो पार्टीमा छलफल गरेर आइतबार बस्ने बैठकले निर्णय लिने बताए ।

बैठकमा जसपा नेपालका उपेन्द्र यादव, राजकिशोर यादव, मनिष सुमन, राम कुमार शर्मा,. नागरिक उन्मुक्तिका रेशमलाल चौधरी, लालबिर चौधरी, अरुण चौधरी, राष्ट्रिय मुक्ति पार्टी नेपालका राजेन्द्र महतो, केशव झा, सिएन थारु लोसपाका महन्थ ठाकुर, सर्वेन्द्रनाथ शुक्ला, लक्ष्मणलाल कर्ण, ज्ञानेन्द्र झा, जनमतका अब्दुल खान, जनता प्रगतिशील पार्टीका हृदयेश त्रिपाठी, शिवजी यादव, सबिर हुसेन र तमलोपाका वृषेशचन्द्र लाल, ब्रज किशोर सिंह सहभागी थिए ।

# मुलुकलाई सही दिशामा लैजान तेस्रो जनआन्दोलन अपरिहार्य : गठबन्धन

जनकपुरधाम । देशको बदलिँदो राजनीतिक सन्दर्भमा संघीय गणतान्त्रिक गठबन्धनको एक विशेष बैठक सम्पन्न भएको छ ।

गठबन्धनका संयोजक नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष तथा पूर्वगृह राज्यमन्त्री मो.रिजवान अन्सारीको अध्यक्षतामा बैठक सम्पन्न भएको हो ।

बैठकमा गठबन्धनमा आबद्ध बहुजन एकता पार्टीको अध्यक्ष हरिनन्दन अम्बेडकर, नेपाल सद्भावना पार्टीको अध्यक्ष रामकुमार महतो, नेपाल जनजागृति पार्टीको अध्यक्ष धुपलाल निशादड ऐतिहासिक जनता पार्टीको अध्यक्ष बद्री ठाकुर, मधेश प्रदेशका पूर्वगृह कानुन तथा सञ्चारमन्त्री प्रदेश सभा सदस्य बिमला अन्सारी लगायत सबै शीर्ष नेताहरूको उपस्थिति रहेको थियो ।

बैठकमा सहभागी नेताहरूले देशको वर्तमान अवस्था, संविधानको कार्यान्वयन, न्याय र सुशासनको अभाव, तथा बढ्दो भ्रष्टाचारप्रति गम्भीर चिन्ता व्यक्त गरे । नेताहरूले ठोस शब्दमा भने, "नेपालको उत्पीडित जनता जसरी चाहन्थे, त्यस्तो संविधान बन्न सकेको



छैन। देशमा सुशासन छैन, न्याय छैन, र जनताले अधिकारको अनुभूति गर्न पाएका छैनन् ।"

बैठकले निष्कर्ष निकालेको छ कि देश अहिले पनि भ्रष्टाचार, सामाजिक अन्याय, वर्गीय विभेद, र पहिचानको अपमानबाट ग्रस्त छ । यस्तो अवस्थामा मुलुकलाई सही दिशामा लैजानका लागि तेस्रो जनआन्दोलन अपरिहार्य भइसकेको गठबन्धनको ठहर छ ।

'संयुक्त जनजागरण अभियान' देशभर सञ्चालन हुने

बैठकले देशभर व्यापक जनसंवादमार्फत जनता समक्ष पुग्ने निर्णय गर्दै 'संयुक्त जनजागरण अभियान' घोषणा गरेको छ। अभियान अन्तर्गत सातै प्रदेशमा प्रदेशस्तरीय भेला, अन्तरक्रिया तथा संगठन विस्तार गरिनेछ।

साथै, बैठकले देशभित्रका सम्पूर्ण प्रगतिशील, अग्रगामी, सामाजिक न्यायप्रेमी, पहिचानवादी वर्गीय उत्पीडनविरुद्ध लड्ने शक्तिहरूलाई संघीय गणतान्त्रिक गठबन्धनमा आवद्ध हुन खुला आह्वान गरेको छ।

पाँच सदस्यीय वार्ता समिति गठन

गठबन्धनलाई विस्तारित गर्दै नयाँ शक्तिहरूलाई समावेश गर्नका लागि पाँच सदस्यीय वार्ता समिति गठन गरिएको छ। उक्त समितिले विभिन्न दल, संगठन

*बाँकी अन्तिम पृष्ठमा*

## जसपा नेपालले समर्थन फिर्ता लिने



काठमाडौं । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले वर्तमान सरकारलाई दिएको समर्थन फिर्ता लिएको घोषणा गरेका छन् । मंगलबार भक्तपुरमा आयोजित एक कार्यक्रममा बोल्दै यादवले संसदीय दललाई समर्थन फिर्ता लिन निर्देशन दिइसकेको बताएका हुन् ।

यादवले सत्तारुढ एमाले-कांग्रेस गठबन्धनको तीव्र आलोचना गर्दै सरकारलाई दिएको समर्थनप्रति पछुतो लागेको बताए । उनले सरकार जनताको पक्षमा नभई बिचौलियाका लागि बनेको आरोप लगाउँदै समर्थन कायम राख्नु संविधान, संघीयता र जनतासँग गद्दारी हुने बताए ।

अध्यक्ष यादवले वर्तमान सत्ता गठबन्धनले जनताको कुनै चासो नराखी केवल सत्तामा टिकिरहने खेल खेलिरहेको आरोप लगाए । यादवले संविधान संशोधन गर्ने सरकारको कुनै चाहना नभएको र सरकार बनाउनका लागि मात्र राजनीतिक स्टन्ट गरेको टिप्पणी गरे । उनले राजनीतिक नेतृत्वको सत्ता मोहबाट देश मुक्त हुनुपर्ने बेला आएको जिकिर गरे ।

## मधेशको बजेट बिचौलियाको कब्जामा : डा.सीके राउत

काठमाडौं । जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले आफ्नै पार्टीको नेतृत्वमा रहेको मधेश प्रदेशको सरकारप्रति असन्तुष्टि जनाएका छन् । उनले मधेश प्रदेश सरकारले सार्वजनिक गरेको वार्षिक कार्यक्रम तथा बजेट (रेडबुक) २०८२/८३ मा जनमत पार्टीको नीति, सिद्धान्त र भिजनलाई बेवास्ता गरिएको भन्दै गम्भीर असन्तोष प्रकट गरेका छन् । डा. राउतले जनमत पार्टीले जनता बीचमा गएर उठाएका तथा सिफारिस गरेका योजनाहरू रेडबुकमा समावेश नहुनु र भए पनि न्यून बजेट मात्र छुट्याइनु



दु:खद भएको बताएका छन् । "सडकमा जनतासँग प्रत्यक्ष संवाद गर्दै ल्याइएका कार्यक्रम ५-५ लाखमा सीमित गरिएका छन्, तर बिचौलिया वा अन्य पार्टीमार्फत आएका योजनामा २५-५० लाखदेखि २-४ करोडसम्म बजेट राखिएको देखिन्छ," उनले आक्रोश पोखे ।

विशेष गरी सप्तरी-२ क्षेत्रको योजनाहरूप्रति गरिएको बेवास्ता 'राजनीतिक प्रतिशोध' भएको उनको आरोप छ । "सिरियली रूपमा तलमाथि अरूको योजनामा करोडौं छन्, तर बीचमा मेरो क्षेत्रको योजना आयो भने ५ लाख मात्रै! कस्तो विडम्बना!" उनले भने ।

अध्यक्ष राउतले पछिल्लो एक महिनामा मधेश सरकारअन्तर्गत मिडिया काउन्सिल, चलचित्र विकास बोर्ड, खेलकुद परिषद् जस्ता निकायमा गरिएको दुई दर्जनभन्दा बढी राजनीतिक नियुक्तिमा समेत जनमत पार्टीको उपेक्षा भएको दाबी गरेका छन्। "अन्य पार्टीहरूले भागबण्डा पाए, तर जनमत पार्टीबाट एउटा पनि नियुक्ति भएन," उनले गुनासो गरे ।

पार्टीकै नेतृत्वमा सरकार हुँदा पनि पार्टीको निर्देशन अवमूल्यन भएकोप्रति चिन्ता व्यक्त गर्दै उनले भने, "सरकार सञ्चालनमा पार्टीको हस्तक्षेप नहुँदा कार्यकर्तामा आक्रोश हुनु स्वाभाविक हो।"

## मधेश सरकारले बनायो उच्चस्तरीय समिति

जनकपुरधाम । मधेश प्रदेश सरकारले उद्योग तथा व्यवसाय क्षेत्रसँग सम्बन्धित समस्या समाधान, कानुनी सुधार र समन्वयका लागि मुख्यमन्त्री सतीशकुमार सिंहको संयोजकत्वमा उच्चस्तरीय समिति गठन गरेको छ । प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०७९ को अनुसूची २ अनुसार प्रक्रिया अगाडि बढाउँदै गठन गरिएको समितिले मधेशको उद्योग क्षेत्रलाई आधुनिकीकरण गर्ने, निजी क्षेत्रसँग सहकार्यमा नीतिगत रूपरेखा तय गर्ने र अवरोध सिर्जना गरिरहेका कानुनी जटिलताहरू हटाउने जिम्मेवारी पाउनेछ ।

प्रदेशका विभिन्न मन्त्रालय, निकाय तथा निजी क्षेत्रका प्रतिनिधिहरू सम्मिलित समितिमा नीति निर्माणदेखि कार्यान्वयन तहसम्मको सहभागिता सुनिश्चित गरिएको छ। मुख्यमन्त्री सिंह संयोजक रहेको समितिमा अर्थमन्त्री, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव, नीति तथा योजना आयोगका उपाध्यक्ष, सम्बन्धित मन्त्रालयका सचिवलगायत सरकारी पदाधिकारीहरू सदस्य छन्।

निजी क्षेत्रबाट नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष अशोक टेमानी, निवर्तमान अध्यक्ष गणेश लाठ, बीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद गौतम, महासंघका उपाध्यक्ष जितेन्द्र महासेट, होटल तथा पर्यटन व्यवसायी संघका अध्यक्ष हिरालाल गौतम, ऋल्क्ष मधेश प्रदेश अध्यक्ष प्रमोद शाह र वस्तुगत संघका प्रतिनिधि सुधिर अग्रवाल सदस्यका रूपमा रहेका छन्। समितिको सदस्य-सचिवको भूमिकामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिवले तोकेको मन्त्रालयका अधिकृतस्तरको कर्मचारी रहने व्यवस्था गरिएको छ।

सरकारले यस समितिबाट उद्योग तथा व्यापार क्षेत्रको दीर्घकालीन सुधारका लागि व्यावहारिक कार्ययोजना र सिफारिसहरू आउने अपेक्षा राखेको छ। निजी क्षेत्रसँगको साझेदारीलाई संस्थागत गर्दै लगानीमैत्री वातावरण निर्माण गर्ने सरकारको लक्ष्य रहेको बताइएको छ।

## न्यूनतम मानवाधिकारको सुनिश्चितता नेपालको शर्त हैन, अडान हो : श्रम मन्त्री

काठमाडौं । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले रोजगारीका लागि गएका नेपाली श्रमिकलाई गन्तव्य मुलुकले न्यूनतम मानवअधिकार सुनिश्चितता गर्नु पर्ने बताएका छन् । मंगलबार प्रतिनिधिसभामा विनियोजन विधेयक २०८२ माथि उठेका प्रश्नको उत्तर दिदैं मन्त्री भण्डारीले नेपाली श्रमिकको न्यून्तम मानवअधिकार सुनिश्चितता नेपालको शर्त नभई अडान भएको बताएका हुन् ।

गन्तव्य मुलुकको विकासको लागि रगत पसिना बगाउने नेपाली श्रमिकलाई विकासको सारथीको रुपमा सम्मानको रुपमा हेरिनु पर्दछ - हेर्ने बृहत दृष्टिकोणमा परिमार्जन हुनु पर्दछ, उनले भने ।

मन्त्री भण्डारीले नेपाली श्रमिक विदेशी भूमिमा रहदाको अवस्थामा श्रमिकको बीमा चौविसै घण्टा कायम गराउन मन्तालयले थप पहलकदमी लिएको जानकारी गराए ।

श्रम र रोजगारीको विषय मुलुकको



अर्थतन्त्रको विकास र समृद्धिसँग प्रत्यक्ष जोडिएको बहुआयामिक विषय हो । हाल मुलुकमा कूल जनसंख्याको करिब ११.६ प्रतिशत जनसंख्या बेरोजगार रहेको उनले बताए । जनसंख्याको ठूलो हिस्सा बेरोजगारीको अवस्थामा रहेको हालको परिप्रेक्ष्यमा तदुनुरुपको रोजगारी मुलुकभित्रै सिर्जना गर्न थप चुनौती र चिन्ताको विषय बनेको जिकिर गर्दै नेपालभित्रै रोजगारीको उपयुक्त अवसर नहुनु र भएका केही रोजगारीमा समेत सीप र ज्ञानको अभावमा विदेशी नागरिकहरु संलग्न रहेको अवस्था चिन्ताको बिषय भएको उनले बताए ।

'रोजगारी सृजना गर्ने अभियानलाई नयाँ र प्रभावकारी तवरले कार्य गर्न आन्तरिक रोजगार प्रवर्द्धन कार्यक्रम पनि सञ्चालन गर्न लागिएको छ ।' उनले भने, 'समृद्ध नेपाल सुखी नेपाली र दीगो विकासको लक्ष्य प्राप्ति तथा मुलुकलाई अल्पविकसित मुलुकबाट स्तरोन्नति गर्न समेत यो अभियान महत्वपूर्ण र सान्दर्भिक छ।'

मन्त्री भण्डारीले सीप र दक्षता कमीका कारनण कुनै पनि नेपाली नेपालको रोजगारीमा संलग्न हुनबाट वञ्चित नहोस भनेरे सीप विकासलाई उच्च महत्व दिएको जानकारी गराए । मुलुकको मानव संसाधनको विकास गरी दक्ष र सीपयुक्त जनशक्तिलाई नेपालको रोजगारीमा संलग्न गराउन मन्त्रालय प्रयत्नशील रहेको उनको भनाइ छ ।

उनले मन्त्रालय मातहत रहेको राष्ट्रिय व्यावसायीक प्रशिक्षण प्रतिष्ठानलाई सेन्टर अफ एक्सिलेन्सको रुपमा विकास गरी सीपयुक्त नेपाली उत्पादनका लागि आगामी वर्षको बजेट तथा कार्यक्रमले ल्याएको जानकारी गराए । नेपालको बेरोजगारीको समस्या न्यूनिकरण गर्न श्रम बजारको माग अनुरुपको सीप तथा दक्षता विकास गर्न आवश्यक छ । दक्ष श्रमिक उत्पादन गरी रोजगारीमा पदस्थापना गर्ने कार्यको लागि प्रतिष्ठानले विभिन्न १२ वटा रोजगारदाता र तालिम प्रदायक निकायसंग समझदारी पत्रमा गरी सकेको छ । श्रम बजारको आवश्यकता र तालिमका विषयबस्तुको वीचको खाडल कम गर्दै आगामी आर्थिक वर्षमा मागमा आधारित तालिम सञ्चालन गर्ने गरी आगामी वर्षको कार्यक्रम तर्जूमा गरिएको छ, उनले बताए ।

## सम्पादकीय

# भ्रष्टाचार अन्मूलन कसरी सम्भव छ ?

संघीय लोकतान्त्रिक गणतन्त्र प्रणालीमा दुईतिहाईको सरकार कमजोर प्रतिपक्ष अवस्थामा एकपक्षीय सोच र निर्णय गर्दै अगाडि बढ्ने प्रक्रिया प्रत्युत्पादक बनेको छ । सुधारको नाममा जुन विधेयक ल्याएपनि सडक आन्दोलन जन्मिएको छ । आन्दोलनमा सरिक भएका मानिसहरूको आक्रोशले सरकार आन्दोलनको निरन्तरताले सरकार निरूत्तर भएको छ, डराएको छ । आन्दोलन अगाडि बढ्दै जाँदा सरकार आफ्नो सफाईमा जे जस्तो भनिएपनि आन्दोलनकारीले विश्वास गर्ने ठाउँ छैन ।

संसदका दुई ठूला दलको बहुमतको उन्मादमा रहेको सरकारले जनअपेक्षा, लोकतान्त्रिक पद्धति, सामूहिक नेतृत्वको मर्म आदि सबै मिचेर अगाडि बढेको अवस्था नै अधिनायकवादको प्रदर्शन हो । जन अपेक्षासँग कुनै सरोकार नराखी सरकारको निरंकूश कदमप्रति जनताको विरोध हुनु स्वाभाविक हो । सरकारको निरंकूशताप्रति संकेत गर्दै सत्तारूढ पार्टीका शीर्ष नेताहरूको विरोधाभासपूर्ण अभिव्यक्तिले के पुष्टि गर्दछ भने सरकार पार्टी पंक्तिभन्दा पनि बाहिर गएको छ ।

शक्तिकेन्द्रको रूपमा आफूलाई स्थापित गर्ने प्रयासले लोकतान्त्रिक मूल्य र मान्यताको धज्जि उडेको सबैले महसूस गर्न थालेको छ । लोकतन्त्र र गणतन्त्र कुन पार्टीको हो, थाहा भइरहेको छैन । लोकतन्त्र र गणतन्त्रको परिभाषा पनि नेपाली काँग्रेस र कम्युनिष्ट पार्टीको फरक फरक हुने बुझिएको छ । अधिनायकवादले लोकतन्त्रको उदारवादलाई महत्व दिँदैन । शक्तिकेन्द्रित गरि निरंकूशताको बाटो हिंडेपछि लोकतान्त्रिक पद्धतिको स्वत: नाश हुने अवस्था सृजित भएकोले सरकारप्रति चारैतिर आशंका बढ्न थाल्नु स्वाभाविक हो । चीनको बलियो समर्थन प्राप्त नेपालको कम्युनिष्ट सरकार लोकतान्त्रिक प्रणालीलाई मान्ने हुन् वा होइन, विगतको राजनीतिक अतिक्रमणको झझल्को आउन थालेको छ ।

देश विकासमा बाधक रहेका विकृतिहरूलाई हटाएर देशलाई समृद्धशाली बनाउन राजनीतिक लडाई लडेर आएको हो । यसबाट हामी पछि हट्न सक्दैनौ भन्ने प्रधानमन्त्री केपी शर्मा ओलीको सफाई हो । तर आफ्नै क्रियाकलापबाट सहकर्मी र जनतामा आक्रोश फैलिनुले सफाईको कुनै अर्थ रहँदैन । देश नीतिबाट चल्छ, नियतबाट होइन । विगतकालमा धन आर्जन गर्ने नियतले चलेको देशमा बेहतर प्रणाली ल्याउन ठूल्ठुला आन्दोलनहरू भयो, तर नीति र विधि स्थापित हुन सकेन । पंचायत व्यवस्थामा राजाको स्वेच्छाचारिता, ०४६ सालपछि नेपाली काँग्रेसको स्वेच्छाचारिता तथा अहिले एमालेको स्वेचछाचारिता हामी भोग्दै छौं । एक अर्कालाई तल देखाउने राजनीतिक अवसरका लागि अस्वस्थ प्रतिस्पर्धामा लीन सत्तापक्षको ध्यान विकास निर्माणभन्दा शक्ति संचयमा नै केन्द्रीत रहेको दुर्भाग्यपूर्ण अवस्था हो ।

अति महँगो स्वरूप ग्रहण गरेको राजनीतिमा सक्रिय उपस्थिति देखाउन अत्यधिक धन खर्च हुने र यसको क्षतिपूर्ति गराउन सत्तामा जानै पर्ने बाध्यता रहेकोले समाज सुधारभन्दा अत्यधिक धनलाभ नै राजनीतिकर्मीहरूको एकमात्र लक्ष्य तय रहेको नेपाली राजनीतिले प्रष्ट गरि सकेको छ । राजनीतिको केन्द्रमा बस्न धनकुबेर नबनी सकिदैन । धनार्जनका लागि भ्रष्टाचार एकमात्र बाटो रहेकोले यसको अन्मूलन कसरी सम्भव छ ? सबै राजनीतिकर्मीको सदिच्छा र सहयोग पाएर नै भ्रष्टाचार संस्थागत हुन पाएको हो । धनलाभ पनि विकास निर्माणको कार्यलाई सुचारू नगरि सम्भव हुँदैन । त्यसकारण विकास निर्माणको प्रक्रिया चलिरहन्छ । देशको राष्ट्रिय गौरवका प्रोजेक्टहरूदेखि साना आयोजनाहरूबाट तहगत सबैले जीवन अमृत पाइरहेका हुन्छन् ।

धनलाभका हरेक स्रोतबाट शीर्ष पंक्तिहरू जानकार रहेकोले यसको एक्लै स्वामित्व ग्रहण गर्ने अभियानको विरोध कतै न कतैबाट हुने नै भएकोले विरोधका स्वरहरू देखा परेका छन् । आफ्नै सहकर्मीबाट भइरहेको विरोध यस्तै प्रकारका विरोध हुन् । यी विरोधहरू सरकारको लोकप्रियतालाई ह्रास गराउन खोज्दा जनआन्दोलनको चेतनालाई जगाएपनि यसको स्थायित्व भने हुँदैन । वार्गेनिङ्गको आशय पूरा भएपछि यो विरोध तत्कालै विलीन हुन्छ । तर धरातलीय विरोध स्थायी हुन्छ । साँस्कृतिक अस्तित्वमाथिको आक्रमणबाट क्रुद्ध सडक आन्दोलनमा आफ्नो संख्या प्रदर्शन गरेका छन् । दुतिहाईको दम्भलाई पनि कडा चुनौती दिएको छ । मात्तिएको हाती जस्तै अनियन्त्रित वेगमा रहेको सरकारलाई रोक्न स्वाभाविक रूपमा उठ्दै गएको आन्दोलनलाई अरू अधिकार आन्दोलनवालाहरू पनि गम्भीरतापूर्वक नियाली रहेका छन् ।

# मौद्रिक नीति र अर्थतन्त्रको निष्क्रिय रक्तसञ्चार



रमेश कुमार बोहोरा

नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि मौद्रिक नीति निर्माणको प्रक्रिया आरम्भ गरिसकेको छ । प्रारम्भिक बहसहरू सुरु भइसकेका छन् तर मूल प्रश्न भने यथावत् छ के नेपालले स्वतन्त्र, वैज्ञानिक र देशको आर्थिक यथार्थमा आधारित मौद्रिक नीति ल्याउन सक्ला ?

नेपालजस्तो आयातमुखी र विकासोन्मुख अर्थतन्त्रमा मौद्रिक नीति कुनै अमूर्त दस्तावेज होइन । यो वित्तीय स्थायित्व, मुद्रास्फीति नियन्त्रण, ब्याजदर व्यवस्थापन, रोजगारी सिर्जना र समग्र लगानी वातावरणलाई प्रभाव पार्ने नीतिगत औजार हो । तर हालसम्मको अभ्यासले मौद्रिक नीतिको प्रभावकारितामाथि गम्भीर प्रश्न उठाएको छ ।

विनिमय दर भारतीय रुपैयाँसँग स्थिर (पेग) भएको अवस्थामा नेपालले स्वतन्त्र मौद्रिक नीति सञ्चालन गर्न सक्दैन । यो संरचना नयाँ योजनाहरूमा लगानीकर्ताको रुचि झिनो रह्यो । ब्याजदर केही कम हुँदा पनि व्यवसायीहरू उत्साहित देखिएनन् । राजनीतिक अस्थिरता, नीतिगत अनिश्चितता, कर प्रणालीमा जटिलता र बजारको विश्वास संकट यसका मूल कारण हुन् ।

नेपाल राष्ट्र बैंकले चालु पूँजी कर्जा (ध्यचपष्लन ऋबउष्तबा ीयबल) व्यवस्थामा सुधार ल्याउने संकेत दिएको छ । तर बैंकहरू अझै कर्जामा कठोर शर्तहरू राखिरहेका छन् । व्यवसायीहरूले चालु पूँजीका लागि अनावश्यक दस्तावेज, धितो र जटिल प्रक्रिया भोग्नुपर्ने अवस्था छ । जसले गर्दा वित्तीय पहुँचमा सीमितता देखिन्छ । यस्तो अवस्थामा मौद्रिक नीतिले स्पष्ट, सरल र व्यावसायिक अनुकूल वातावरण सिर्जना गर्ने खालको प्रावधान ल्याउनैपर्छ ।

डिजिटल बैंकिङको क्षेत्रमा भने उपाय अवलम्बन गर्नु । चौथो अर्थ मन्त्रालयसँग समन्वय गरी नीति स्पष्टता कायम गर्नु । र पाँचौं निजी क्षेत्र र आम नागरिकको विश्वास पुन:स्थापना गर्नु ।

विगत केही वर्षयता सरकारको पुँजीगत खर्च २० प्रतिशतभन्दा तल झरेको छ । बजेटको ठूलो हिस्सा तलब, भत्ता र प्रशासनिक खर्चमा खर्चिने प्रवृत्तिले विकास बजेट सङ्कुचित भएको छ । निर्माण व्यवसायीलाई भुक्तानी नदिने सरकारी ढिलासुस्तीले निजी क्षेत्र खस्केको छ । जसको प्रत्यक्ष असर कर्जा प्रवाह र आर्थिक गतिशीलतामा परेको छ ।

सहकारी क्षेत्रमा देखिएको अनियमितता पनि समग्र वित्तीय प्रणालीमा खतरा बनेको छ । बीउँ पुँजीका रूपमा परिचालित हुनुपर्ने निक्षेप रकम सहकारी सञ्चालकहरूद्वारा दुरुपयोग भएको, निक्षेपकर्तालाई फसाइएको र नियमनकारी संयन्त्र कमजोर रहेको

डिजिटल बैंकिङको सम्भावनासँगै जोखिम पनि छन् । साइबर सुरक्षाको जोखिम, ग्रामीण क्षेत्रमा प्रविधिको पहुँच, जनताको वित्तीय बुझाइ र प्रयोग व्यवहारलाई नहेरी लिइने नीति अल्पकालीन आकर्षण त बन्न सक्छ तर दीर्घकालीन समस्या निम्त्याउन सक्छ । डिजिटल रुपान्तरणका लागि पूर्वाधार, शिक्षा र व्यवहारको तयारी सुनिश्चित हुनु अनिवार्य छ । अन्ततः मौद्रिक नीति अब कुनै बन्द कोठाको प्रविधिक दस्तावेज बन्नु हुँदैन । अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, निजी क्षेत्र, कर प्रशासन र आम नागरिकको सरोकार समेट्ने समन्वयात्मक दृष्टिकोण अपरिहार्य छ ।




परिवर्तन नगरेसम्म मौद्रिक नीतिको कक्षा सीमित नै रहनेछ । आर्थिक संरचना पनि असन्तुलित छ आयात अत्यधिक, निर्यात कमजोर र विदेशी मुद्राको प्रमुख स्रोत रेमिटेन्समाथि निर्भरता रहेको अवस्थामा मौद्रिक नीति बनाउने स्पेस साँघुरो देखिन्छ ।

अहिलेको विश्व अर्थतन्त्र नै अनिश्चितता र सुस्तताले ग्रसित छ । सन् २०२५ को आरम्भमै विश्व बैंकले विश्व आर्थिक वृद्धिको दर २.३ प्रतिशतमा सीमित हुने प्रक्षेपण गरेको छ जुन पछिल्लो दशकको सबैभन्दा न्यून हो । अमेरिका, युरोप, चीन, भारतजस्ता राष्ट्रहरू आन्तरिक उपभोगलाई बलियो बनाउँदै मौद्रिक नीतिमा लचिलोपन देखाइरहेका छन् । त्यहीँ नेपालमा भने मौद्रिक नीति अझै संरचनात्मक अस्पष्टता, कार्यान्वयनको शिथिलता र नियामक कमजोरीको बन्दीजस्तो देखिन्छ ।

नेपालका वाणिज्य बैंकहरूसँग अहिले पनि करिब ६ खर्ब ५० अर्ब रुपैयाँ बराबरको तरलता उपलब्ध छ । तर कर्जाको माग खासै देखिँदैन । सन् २०२४ को अन्त्यतिर बैंकहरूले घोषणा गरेका केही सम्भावना देखिएका छन् । राष्ट्र बैंकले डिजिटल बैंकको लाइसेन्स दिने तयारी गर्दैछ । सन् २०२५ को अन्त्यसम्म तीनवटा डिजिटल बैंकको प्रारम्भिक अनुमति दिने संकेत देखिएको छ । तर त्यसका लागि कानुनी संरचना, साइबर सुरक्षा, ग्रामीण पहुँच र वित्तीय साक्षरता अभिवृद्धि अनिवार्य शर्त हुन् । नगदरहित कारोबार प्रवर्द्धनका लागि स्मार्ट पे नेपाल, क्यूआर प्रणाली, मोबाइल वालेट आदिको प्रयोगमा केही वृद्धि देखिए तापनि तिनीहरूको प्रभाव ग्रामीण र असङ्गठित क्षेत्रमा अझै कमजोर छ ।

नयाँ गभर्नर डा. विश्वनाथ पौडेल पदभार सम्हालेपछि मौद्रिक नीति प्रति आशा जगिएको छ । तर यथार्थ कठोर छ राष्ट्र बैंक अगाडि पाँचवटा प्रमुख चुनौती छन् । पहिलो नेपाललाई एफएटिएफको ग्रे लिस्टमा जान नदिन प्रणालीगत सुधार गर्नु । दोस्रो निष्क्रिय पूँजीलाई उत्पादनमा रूपान्तरण गर्ने खालको नीति ल्याउनु । तेस्रो बैंकिङ प्रणालीमा ब्याजदर स्थायित्व ल्याउने यथार्थपरक यथार्थले वित्तीय प्रणालीमै विश्वासको संकट निम्त्याएको छ । बीमा, सेयर बजार, रियलस्टेटजस्ता क्षेत्रहरूमा देखिएको निरन्तर मन्दीले औपचारिकसँगै अनौपचारिक बजारमा समेत नकारात्मक संकेत पुऱ्याएको छ । लगानीकर्तामा अब पैसाको अभाव होइन विश्वासको अभाव देखिन्छ । जुन मौद्रिक मात्र नभई समग्र आर्थिक योजनाको त्रुटिपूर्ण स्वरूपको परिणाम हो ।

आजको आवश्यकता ब्याजदर र कर्जामा सीमित मौद्रिक नीति होइन । उत्पादन, रोजगारी, निर्यात प्रवर्द्धन र वित्तीय समावेशीतालाई केन्द्रमा राख्ने समन्वयात्मक, पारदर्शी र समावेशी मौद्रिक नीति हो । बैंकिङ प्रणालीको नियमन पारदर्शी बनाउनु राजनीतिक हस्तक्षेपबाट मुक्त गर्नु र निगरानी संयन्त्रलाई सक्रिय बनाउनु अब अपरिहार्य भएको छ ।

डिजिटल बैंकिङको सम्भावनासँगै जोखिम पनि छन् । साइबर सुरक्षाको जोखिम, ग्रामीण क्षेत्रमा प्रविधिको पहुँच, जनताको वित्तीय बुझाइ र प्रयोग व्यवहारलाई नहेरी लिइने नीति अल्पकालीन आकर्षण त बन्न सक्छ तर दीर्घकालीन समस्या निम्त्याउन सक्छ । डिजिटल रुपान्तरणका लागि पूर्वाधार, शिक्षा र व्यवहारको तयारी सुनिश्चित हुनु अनिवार्य छ ।

अन्ततः मौद्रिक नीति अब कुनै बन्द कोठाको प्रविधिक दस्तावेज बन्नु हुँदैन । अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, निजी क्षेत्र, कर प्रशासन र आम नागरिकको सरोकार समेट्ने समन्वयात्मक दृष्टिकोण अपरिहार्य छ । मुद्रास्फीति नियन्त्रण, उत्पादन वृद्धिमा प्रेरणा, कर्जा पहुँचमा सुधार, बैंकिङ प्रणालीमा विश्वास र वित्तीय अनुशासनका पक्षमा स्पष्ट दिशा नदिएसम्म मौद्रिक नीति केवल 'संकेतपत्र' मात्र हुनेछ ।

राष्ट्र बैंकले अब आफूलाई केवल नियामकको भूमिकामा सीमित राख्नु हुँदैन । नवगठित नेतृत्वले यसपटकको मौद्रिक नीतिलाई केवल बैंकहरूका लागि निर्देशात्मक मापदण्ड बनाउने नभई अर्थतन्त्र पुनर्जीवन गर्ने योजनात्मक दस्तावेज बनाउने हिम्मत देखाउनुपर्छ। नत्र मौद्रिक नीतिको आलोचना फेरि पनि यथावत् रहनेछ ।

*(लेखक बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ ।)*

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# विनियोजन विधेयकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीको सम्बोधन

सम्माननीय सभामुख महोदय,

१. सर्वप्रथम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको आर्थिक वर्ष २०८२/८३ का सम्बन्धमा माननीय सदस्यहरुबाट आएका जिज्ञासा, चासो र सुझावका लागि हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

२. यसै सम्बन्धमा माननीयज्यूहरुबाट आएका जिज्ञासाको सम्बोधन गर्ने प्रयास गर्दैछु।

सम्मानीय सभामुख महोदय,

माननीय सदस्यज्यूहरु,

३. श्रम र रोजगारीको विषय मुलुकको अर्थतन्त्रको विकास र समृद्धिसँग प्रत्यक्ष जोडिएको बहुआयामिक विषय हो। हाल मुलुकमा कूल जनसंख्याको करिब ११.६ प्रतिशत जनसंख्या बेरोजगार रहेका छन्।

४. जनसंख्याको ठूलो हिस्सा बेरोजगारीको अवस्थामा रहेको हालको परिप्रेक्ष्यमा तदुनुरुपको रोजगारी मुलुकभित्रै सिर्जना गर्न थप चुनौती र चिन्ताको विषय बनेको छ। नेपालभित्रै रोजगारीको उपयुक्त अवसर नहुनु र भएका केही रोजगारीमा समेत सीप र ज्ञानको अभावमा विदेशी नागरिकहरु संलग्न रहेको अवस्था छ।

५. मन्त्रालयले मुलुकको आन्तरिक रोजगारको क्षेत्रमा विकासका लागि सहयोगी भूमिक निर्वाह गर्नु पर्ने छ भने - वैदेशिक रोजगारीमा युवाको आकर्षणलाई मुलुक भित्रैको रोजगारीमा संलग्न गराउनु पर्ने चुनौती पनि हाम्रो सामु छ।

६. रोजगारी सृजना बहुआयामिक विषय हो। मुलुकको आर्थिक विकाससंग रोजगारी प्रत्यक्ष जोडिने हुनाले मन्त्रालयले आगामी १० वर्षका लागि आन्तरिक रोजगार प्रवर्द्धन दशकको अभियान सञ्चालन गर्ने निर्णय गरेको हो।

७. रोजगारी सृजना गर्ने अभियानलाई नयाँ र प्रभावकारी तवरले कार्य गर्न आन्तरिक रोजगार प्रवर्द्धन कार्यक्रम पनि सञ्चालन गर्न लागिएको छ। समृद्ध नेपाल सुखी नेपाली र दीगो विकासको लक्ष्य प्राप्ति तथा मुलुकलाई अल्पविकसित मुलुकबाट स्तरोन्नति गर्न समेत यो अभियान महत्वपूर्ण छ र सान्दर्भिक छ।

८. रोजगारीको माग बृद्धि गर्ने, दक्ष र सीपयुक्त श्रमिक उत्पादन गर्ने लगायत श्रम बजारको प्रवर्द्धनका जस्ता समग्र Employment Ecosystem मा सहयोग हुने गरी मन्त्राललले आगामी वर्षको कार्यक्र समावेश गरेको छ। मुलुकको उत्पादन र उत्पादकत्व बृद्धि लगायत उद्योग, कलकारखाना र कृषि जस्ता उत्पादनशील क्षेत्रहरुलाई प्रवर्द्धन गर्न मन्त्रालयले अन्तरतह - अन्तर निकाय समन्वय र सहकार्य गर्ने रणनीति अवलम्वन गर्ने मन्त्रालयको कार्ययोजना रहेको छ।

९. यसै अभियानलाई सहयोग गर्न मन्त्रालयले इ७ः गरेर नयाँ आन्तरिक रोजगार व्यवस्थापन महाशाखाको निर्माण गरिसकेको छ। आन्तरिक रोजगार प्रवर्द्धनको यो अभियानमा संलग्न हुन माननीय सदस्यज्यूहरुलाई समेत अनुरोध गर्दछु।

१०. सीप र दक्षता कमीका कारनण कुनै पनि नेपाली नेपालको रोजगारीमा संलग्न हुनबाट वञ्चित नहोस भनेर हामीले सीप विकासलाई उच्च महत्व दिएका छौं। मुलुकको मानव संसाधनको विकास गरी दक्ष र सीपयुक्त जनशक्तिलाई नेपालको रोजगारीमा संलग्न गराउन मन्त्रालय प्रयत्नशील छ।

११. मन्त्रालय मातहत रहेको राष्ट्रिय व्यावसायीक प्रशिक्षण प्रतिष्ठानलाई Center of Excellency को रुपमा विकास गरी सीपयुक्त नेपाली उत्पादनका लागि आगामी वर्षको बजेट तथा कार्यक्रमले ध्यान दिएको छ। नेपालको बेरोजगारीको समस्या न्यूनिकरण गर्न श्रम बजारको माग अनुरुपको सीप तथा दक्षता विकास गर्न आवश्यक छ। दक्ष श्रमिक उत्पादन गरी रोजगारीमा पदस्थापना गर्ने कार्यको लागि प्रतिष्ठानले विभिन्न १२ वटा रोजगारदाता र तालिम प्रदायक निकायसंग समझदारी पत्रमा गरी सकेको छ। श्रम बजारको आवश्यकता र तालिमका विषयबस्तुको वीचको खाडल कम गर्दै आगामी आर्थिक वर्षमा मागमा आधारित तालिम सञ्चालन गर्ने गरी आगामी वर्षको कार्यक्रम तर्जूमा गरिएको छ।

१२. नीतिगत सुधारतर्फ श्रम आप्रवासन नीति तर्जुमा भई स्वीकृतिको लागि अन्तिम चरणमा रहेको छ। सबै स्थानीय तहमा एकीकृत श्रम तथा रोजगार सेवा प्रदान गर्ने गरी कार्यक्रम तर्जूमा गरिएको छ। नागरिकले रोजगारमूलक सेवा आफ्नै स्थानीय तहबाट प्राप्त गर्नेछन्। यसले सेवा प्रवाह तथा सुशासन प्रवर्द्धन हुने अपेक्षा राखिएको छ।

सम्मानीय सभामुख महोदय,

माननीय सदस्यज्यूहरु,

१३. नवौं आवधिक योजना देखि नेपालमा सूचना प्रणालीको विकास र विस्तार गर्ने योजना भए पनि यसले मूर्तरुप लिन सकेको थिएन। सूचना प्रणालीमा आधारित रही नीति निर्माण गर्ने विषय प्राथमिकता रहे पनि काम अघि बढेको थिएन।

१४. हामीले राष्ट्रिय श्रम बजार सूचना प्रणाली (Labour Market Information System) को निर्माणको लागि प्रविधिक अध्ययन गराइरहेका छौं। श्रम तथा रोजगारका सबै सूचनाहरु एकीकृत गरी नीति तथा कार्यक्रम निर्माण गर्न यस्तो प्रणाली आवश्यक रहने विषय म सम्मानीत सदनलाई जानकारी गराउन चाहन्छु।

१५. वर्तमान समयमा रोजगार विनिमय जस्ता श्रम बजार विकास र विस्तारको क्रियाकलापमा यो प्रणाली सहायक हुनेछ। यसका साथै, यो प्रणालीमा सीप विकास, वैदेशिक रोजगारको जानकारी, श्रमिक नियुक्ति लगायत सबै श्रम र रोजगारसंग सम्बन्धित विषयहरु समावेश रहेका छन्।

१६. मन्त्रालयले सञ्चालन गर्ने यो प्रणालीमा नयाँ प्रविधिहरुको प्रयोग गर्ने लक्ष्य रहेको छ। Artificial Intelligence र Machine Learning जस्ता प्रविधिहरु प्रयोग गरी स्वदेश वा विदेशमा रहेका नेपालीहरुलाई एकीकृत श्रम तथा रोजगार सेवा वा अध्यागमनसंग सम्बन्धित विषयलाई व्यवस्थापन गर्न यो प्रणाली सहायक हुने अपेक्षा लिइएको छ।

१७. मन्त्रालयबाट विदेशमा खटाइका श्रम कन्सुलर र श्रम सहचारीहरुसंग श्रम तथा कन्सुलर सेवाका लागि ठुलो सङ्ख्यामा व्यक्तिहरुले जानकारी लिन चाहेको देखिन्छ। दुतावासमा फोन उठेन भने निश्चित समय पश्चात त्यो कल नेपाल स्थित कल सेन्टरमा IP Based Phone मार्फत forward हुने व्यवस्था मिलाउन लागिएको जानकारी म यो सम्मानीत संसदलाई दिन चाहन्छु।

१८. अहिले नेपाली को कहाँ छ भन्ने सामान्य जानकारी समेत नभएको अवस्थामा विदेशमा रहेका नेपालीलाई मातृभूमिसंग प्रत्यक्ष सम्पर्क स्थापना गर्ने यो एक प्रभावकारी प्रणाली हुनेमा हामी विश्वस्त छौं।

१९. आगामी वर्षको प्राथमिकतामा श्रम



संसार पोर्टल र मोबाइल एप्लिकेसनको विकास र विस्तारलाई मन्त्रालयले उच्च प्राथमिकतामा राखेको छ। यो पोर्टल र यसको मोबाइल एप्लिकेसन वास्तवमा श्रमको संसारसंग सम्बन्धित बन्नेछ। वैदेशिक रोजगारको विषय होस या आन्तरिक रोजगारको विषय होस - यो प्रणाली समग्र Employment Ecosystem मा प्रयोग हुने व्यहोरा सम्मानीत संसदलाई अनुरोध गर्दछु।

सम्मानीय सभामुख महोदय,

माननीय सदस्यज्यूहरु,

२०. वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने क्रममा हामीले श्रमिकको मानवाधिकार तथा अन्तर्राष्ट्रिय श्रम संगठनको मूल्य र मान्यतालाई अवलम्बन गरेको म सम्मानीय संसदमा जानकारी दिन चाहन्छु। नेपाली श्रमिकको हकहितका लागि Bilateral Agreement मा के-के विषय हुनुपर्दछ भनेर- व्यापक छलफल गरी- टेम्पलेट बनाएका छौं। नेपाली विदेश हुँदा समेत मेरो देशको सरकार मेरो साथमा छ भन्ने अनुभूति हुने गरी नयाँ एग्रिमेन्टमा राख्नु पर्ने न्यूनतम मापदण्ड निर्धारण गरिए बमोजिम नयाँ आर्थिक वर्ष देखी लागू गरिनेछ।

२१. गन्तव्य मुलुकको विकासको लागि रगत पसिना बगाउने नेपाली श्रमिकलाई विकासको सारथीको रुपमा सम्मानको रुपमा हेरिनु पर्दछ - हेर्ने बृहत दृष्टिकोणमा परिमार्जन हुनु पर्दछ। गन्तव्य मुलुकले न्यूनतम मानवअधिकार सुनिश्चितता गर्नु पर्दछ। हाम्रो यो शर्त हैन - अडान हो। नेपाली श्रमिक विदेशी भूमिमा रहदाको अवस्थामा श्रमिकको बीमा चौविसै घण्टा कायम गराउन हामीले थप पहलकदमी लिएका छौं। यो विषयलाई हामीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय फोरममा यो अडान लगातार राखी रहेका छौं। भर्खरै सम्पन्न ११३औं आइ.एल.सी. सम्मेलनमा हाम्रो धारणा प्रष्ट्याएका छौं।

२२. भर्खरै हामीले आइ.एल.सी. सम्मेलनका क्रममा प्लेनरी छलफलमा तथा विभिन्न गन्तव्य मुलुकका मन्त्री र पदाधिकारीसंग साइडलाइनमा छलफल गरेका थियौं। नेपाली श्रमिकको उच्च हक हितका लागि यस्ता कुटनीतिक बैठकलाई निरन्तरता दिइने सम्मानीत सदनमा हाम्रो प्रतिवद्धता जाहेर गर्दछौं।

२३. आगामी जुन २५ र २६ मा हामी GCC Asia Dialogue आयोजना गर्दैछौं। हाम्रो न्यूनतम मापदण्डको विषयमा गन्तव्य मुलुकहरुसंग हाम्रो स्पष्ट धारणा प्रस्तुत गर्दैछौं।

२४. वैदेशिक रोजगारीमा जाने श्रमिकको सुरक्षा र सेवा सुविधा सुनिश्चित हुने गरी थप कार्य गरिने सम्मानीत संसदलाई जानकारी दिन चाहन्छौं। भर्खरै मात्र युएईमा जाने नेपाली श्रमिकहरुको न्यूनतम ज्याला ८ सय + ४ बाट बढाएर १ हजार + ४ सय दिराम हुने निर्णय गरेका छौं।

२५. वैदेशिक रोजगार नीति अनुसार दक्ष र सीपयुक्त नेपालीलाई वैदेशिक रोजगारीका लागि कोरिया र जापानमा अर्धदक्ष र दक्ष कामदार पठाउने गरी निर्णय भएको छ।

२६. यही जुलाई महिनाबाट युरोपमा संस्थागत तवरले श्रमिक पठाउने व्यवस्था मिलाइएको छ। उच्च मानवअधिकार भएका मुलुकहरुमा श्रमिक पठाउनका लागि तयारी भएको छ।

२७. वैदेशिक रोजगारीमा हुने ठगी मन्त्रालयको ठूलो चिन्ताको विषय बनेको छ। यसबाट नेपालीहरु ३D अर्थात् Death Trap, Debt Trap र Digital Trap मा परेको मन्त्रालयले महशुस गरेको छ। ठगीसम्बन्धी सूचना कुनै पनि माध्यमबाट प्राप्त भएको वा हाम्रो अनुगमन संयन्त्रमा देखिएको खण्डमा नेपाल सरकारका संयन्त्रहरुले कानून बमोजिम कडाभन्दा कडा कारवाही गर्ने मन्त्रालयको प्रतिवद्धता प्रकट गर्न चाहन्छु।

२८. वैदेशिक रोजगारका लागि व्यक्तिगत ठगीका विषयलाई सम्बोधन गर्न नीतिगत व्यवस्था मिलाउनु पर्ने देखिएको छ। करिब ३६ हजार यस्ता ठगीका मुद्दाहरुलाई सम्बोधन गर्न संस्थागत संरचनामा विस्तार गरी जिल्ला प्रशासन कार्यालयहरुलाई थप जिम्मेवारी दिने कार्य अघि बढाएका छौं। यो कार्यमा माननीय सदस्यज्यूहरुको साथ र सहयोग हुनेमा हामी विश्वस्त छौं।

२९. वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको श्रम र स्रोतलाई उच्चतम उपयोग गर्ने गरी पुनः एकीकरण कार्यक्रम, सुरक्षित आप्रवासन कार्यक्रमजस्ता कार्यक्रमहरुलाई प्राथमिकताका साथ अगाडी बढाइएको छ। वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, पूँजि र सीपको प्रयोगलाई प्राथमिकता दिइ आगामी आर्थिक वर्ष देखि सबै स्थानीय तहबाट Social and Economic Reintegration कार्यक्रम सञ्चालन हुने व्यहोरा सम्मानीत सदनलाई जानकारी दिन चाहन्छु।

३०. सुरक्षित आप्रवासनका लागि ७७ वटै जिल्ला प्रशासन कार्यालयमा रहेका आप्रवासी स्रोत केन्द्रमार्फत् सचेतनामूलक सूचना सम्प्रेषण गर्ने गरी आगामी कार्यक्रममा समावेश रहेको जानकारी गराउँदछु।

३१. स्थानीय तहमा नै पूर्व निर्णय अभिमूखिकरण दिने गरी कार्यक्रमको सुरुवात गरिने जानकारी म सम्मानीत सदनमा राख्न चाहन्छु।

सम्मानीय सभामुख महोदय,

माननीय सदस्यज्यूहरु,

३२. सबै नेपाली काम गर्दा होस या जीवनको उत्तरार्धमा होस कुनै पनि जोखिम वहन गर्न नपरोस भनेर हामीले प्रत्येक श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षामा आवद्ध गर्ने योजना अघि सारेका हौं। पेन्सनेवल सोसाइटीको निर्माण गर्न यो योजना महत्वपूर्ण रहेको विषय अनुरोध गर्दछु।

३३. वैदेशिक रोजगारीमा जाने श्रमिकहरुलाई अनिवार्य रुपमा सामाजिक सुरक्षा कोषमा आवद्ध हुने व्यवस्था मिलाइएको छ र स्वदेश फर्किसकेपछि कोषमार्फत् योगदानमा आधारित पेन्सन, विभिन्न प्रकारका सामाजिक सुरक्षा योजनामा सहभागी हुने व्यवस्था मिलाइएको छ।

३४. स्वदेशमा काम गर्ने श्रमिकहरुको लागि न्यूनतम ज्याला निर्धारण गर्नुका साथै तथा वैदेशिक रोजगारीमा जाने कामदारहरुको लागि बैदेशिक पारिश्रामिक तोक्ने तथा आवधिक रुपमा पुनरावलोकन गरिने व्यवस्था गरिएको छ। यसका साथै रोजगारदाता र श्रमिकहरुका बीचमा हुने विवादका समाधानका लागि मध्यस्थताको संयन्त्र निर्माण गर्नुका साथै सो संयन्त्रले निरन्तर क्रियाशील रुपमा कार्य गरिरहेको छ।

३५. मन्त्रालयले पालिकाहरुलाई बालश्रम मुक्त घोषणामा सहयोग पुर्याइरहेको छ र हालसम्म १० वटा पालिकाहरुले बालश्रम मुक्त भएको घोषणा गरेका छन्। यसलाई अभियानको रुपमा संचालन गरिने तथा श्रमिकहरुको कार्यस्थललाई उचित स्वास्थ्य र सुरक्षायुक्त बनाइने कार्यक्रमहरु संचालन गरिएको छ।

सम्मानीय सभामुख महोदय,

माननीय सदस्यज्यूहरु,

३६. इरान र इजरायल बीच उत्पन्न संकटमा नेपाली तथा नेपाली श्रमिकमा भएको र हुन सक्ने प्रभावका बारेमा मन्त्रालय सजग र तयारी अवस्थामा रहेको व्यहोरा सम्मानीत संसदमा अनुरोध गर्दछु। नेपाली श्रमिक विदेशी भूमिमा संकटमा नपरुन भनेर श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अत्यन्त जिम्मेवार भएर कार्य गरिरहेको व्यहोरा अनुरोध गर्न चाहन्छु।

३७. विदेशमा नेपालीको स्थिती पहिचान गर्ने वा उद्धारको लागि सूचना प्राप्त गर्ने लगायत सम्बन्धित व्यक्तिको Geo–location सहितको विवरण लिने गरी श्रम श्रम संसारको विस्तार गरिसकिएको छ। हामीले परराष्ट्र मन्त्रालयसंग निरन्तर र प्रभावकारी तवरले छलफल गरिरहेका छौं। आगामी दिनमा यस्ता जुनसुकै संकट आए पनि प्रभावकारी तवरले कार्य गर्ने गरी परराष्ट्र मन्त्रालय, श्रम मन्त्रालय, गृह मन्त्रालय तथा संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय बीच स्थायी समिति निर्माण गर्ने कार्य अघि बढेको जानकारी दिन चाहन्छु।

३८. यसको लागि मन्त्रालय मातहतको विभाग र वैदेशिक रोजगार बोर्ड बीच उचित तालमेल मिलाइएको छ।

सम्मानीय सभामुख महोदय,

माननीय सदस्यज्यूहरु,

३९. विनियोजन विधेयक माथि माननीय सदस्यज्यूहरुको जिज्ञासाका सम्न्धमा उत्तर दिएको छु। माननीय सदस्यज्यूहरुबाट थप प्रश्न र जिज्ञासा भएमा मन्त्रालयले थप प्रष्ट्याउने जानकारी समेत राख्न चाहन्छु।

४०. यस वाहेक श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले हाल गरेका र आगामी वर्षमा गर्ने कार्यहरुको केही संक्षिप्त विवरण राख्न चाहन्छु।

- GCC बाट फर्केका अधिकांश श्रमिकहरुमा किड्नीको समस्या देखा परेको छ। वैदेशिक रोजगारीमा जानुपूर्व गरिने स्वास्थ्य परीक्षणमा देखिने लापरवाही घटाउन विभिन्न विद्युतीय संयन्त्रहरु प्रयोगमा ल्याइएको छ। स्वास्थ्य सम्बन्धी विषयलाई पूर्व प्रस्थान अभिमुखीकरणलाई थप गर्न लागिएको छ। साथै, टेलिमेडिसिन सेवालाई थप व्यापकता दिन आवश्यक गृहकार्य गरिएको छ।
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरु मिटर व्याज वा चर्को व्याज तिरेर विदेश जाने, ऋण तिर्न नसक्ने अवस्था (Debt Trap) मा परेका श्रमिकहरुलाई नेपालमा रहेका विभिन्न सम्झौतित कोषहरुको परिचालन गरी ऋण प्रवाह गर्न आवश्यक कार्यहरु अघि बढाइएको छ।
- आवश्यक सूचनाको अभावमा Digital Trap मा परेका कामदारहरुलाई आवश्यक सूचना प्रदान गर्न आप्रवासी स्रोत केन्द्र, रोजगार सेवा तथा सूचना केन्द्रबाट अभिमुखीकरण गरिएको छ। साथै, विदेश जानुपूर्व र गएपश्चात् पनि श्रम संसार र मोबाइल एपजस्ता सूचना प्रणालीमा सहज रुपमा आबद्ध हुनसक्ने प्रबन्ध मिलाइएको छ।
- करारका कर्मचारीहरुलाई सामाजिक सुरक्षाका सम्बन्धमा मन्त्रालयले राजपत्रमा सूचना निकालेर सबै करारका कर्मचारीलाई सामाजिक सुरक्षामा आवद्ध गर्न सूचना प्रकाशन गरेको छ। सामाजिक सुरक्षा कोषमा सरकारी करारका कर्मचारी तथा अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई आवद्ध गराउने कार्य प्रारम्भ गरिएको छ।
- नेपाली कानुनी वा अन्य बैकल्पिक तरिका अवलम्वन गरी विदेश गएका छन्। गन्तव्य मुलुकमा कानुनी तवरले काम गरिरहेका छन्। जे जसरी गएको भएतापनि नेपालीलाई हामीले आपतमा सहयोग गर्नै पर्छ।उनीहरुको श्रम स्वीकृति र कानुनी मान्यता नहुँदा वैदेशिक रोजगार बोर्ड तथा बीमाको सुविधाबाट नेपाली वञ्चित छन्। विदेशी भूमिमा आफ्नो दाजु भाइ दिदी बहिनी गैर नेपाली जस्तो हुनु राम्रो हैन। नेपाली नेपालमा भए पनि विदेशमा भए पनि -नेपाली निशर्त नेपाली हो।उनीहरुको अभिलेखीकरण, हकहितको प्रवर्धन, आपताकालिन सहयोग र आपतकालिन उद्धार हाम्रै कर्तव्य हो। हामीले सेप्टेम्बर २०२४ लाई कटअफ मानेर जुनसुकै नेपाली जुनसुकै तवरले विदेशमा कानुनी तवरले श्रम गरिरहेको छ भने - त्यस्तो व्यक्तिलाई अभिलेखिकरण गर्ने कार्यका विषयमा निर्णय गरिसकेका छौं। यसको लागि कार्यविधि तयार भइ राजदुतावासमा पठाइ सकिएको छ। राजदुतावासमा बायोमेट्रिक लिने उपकरण खरिदको लागि रकम समेत पठाइसकेका छौं।
- नेपाललाई अल्पविकसित मुलुकबाट स्तरोन्नती गर्न आवश्यक पर्ने ILO ८१ र ILO ८७ Convention लाई चभअतषथ गर्न तयारी अन्तिम चरणमा छ। त्यसै गरी, घरेलु श्रमिकका विषयसंग सम्बन्धित ILO १८९ का विषयमा व्यापक गृहकार्य भएको छ।

रोजगारी सृजना र असल श्रम सम्बन्ध एवम् वैदेशिक रोजगार व्यवस्थित, मर्यादित र सुरक्षित गर्ने कार्यमा माननीय सदस्यज्यूहरुको सकारात्मक सुझाव र सल्लाहको लागि अपेक्षा पनि राख्दछु। यहाँको सुझाव र सल्लाह मन्त्रालयको लागि आवश्यक छ र सुझावहरुलाई कार्यान्वयनमा लगिने प्रतिवद्धता समेत जाहेर गर्दछु।

धन्यवाद।

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# वातावरण विभाग

बबरमहल, काठमाडौं

## उद्योग, प्रतिष्ठान एवं आयोजनाले स्वःअनुगमन प्रतिवेदन पेस गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

वातावरण संरक्षण ऐन, २०७६ को दफा १५ मा वातावरण विभागले नेपाल सरकारले लागू गरेका वातावरणीय मापदण्ड पालनाको सम्बन्धमा अनुगमन तथा मूल्यांकन गर्ने तथा वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४५ मा प्रस्तावकले प्रस्तावको निर्माण तथा सञ्चालन गर्ने चरणमा सोबाट वातावरणमा परेको प्रभावको विषयमा प्रत्येक छ महिनामा स्वःअनुगमन गरी सोको प्रतिवेदन सम्बन्धित निकाय वा विभागमा पेस गर्ने कानुनी व्यवस्था रहेको छ ।

माथि उल्लेखित कानुनी व्यवस्था बमोजिम कतिपय उद्योग प्रतिष्ठान एवं आयोजनाहरुले स्वःअनुगमन कार्य गरेको नपाइएको प्रति विभागको गम्भीर ध्यानाकर्षण भएको छ । अतः देशभर रहेका सम्पूर्ण उद्योग, प्रतिष्ठान एवं आयोजनाहरुले वातावरण संरक्षण नियमावलीको नियम ४५ मा भएको व्यवस्था अनुसार स्वःअनुगमन गरी प्रतिवेदन विभागमा अनिवार्य पेस गर्नुहुन सूचित गरिन्छ । अन्यथा प्रचलित कानुन बमोजिम हुने व्यहोरा अनुरोध छ ।

**प्रतिवेदन पेस गर्ने ठेगानाः**

ठेगाना : वातावरण विभाग, बबरमहल, काठमाडौं ।

फोन नं. : ०१-५३२०४९७, ५३२०८३७, इमेल : info@doenv.gov.np

## 'शिक्षा नाजुक बन्दै, स्थानीय तहले नेतृत्व लिनुपर्छ'




महोत्तरी । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले विद्यालय तहको शिक्षा प्रणाली नाजुक बन्दै गएको भन्दै स्थानीय तहलाई सुधारको नेतृत्व लिन आह्वान गरेका छन्।

मंगलबार महोत्तरीको औरही नगरपालिकाको १६ औं नगरसभालाई सम्बोधन गर्दै उनले सामुदायिक विद्यालयमा विद्यार्थीको संख्यामा गिरावट, शिक्षक र अभिभावकको लापरबाही तथा लागूऔषध दुर्व्यसनको समस्या गम्भीर बन्दै गएको बताएका हुन्।

'मधेशका जनशक्ति विगतमा शिक्षा, स्वास्थ्य र प्रविधिका क्षेत्रमा देशका विभिन्न भागमा नेतृत्व गर्थे,' मुख्यमन्त्री सिंहले भने, 'तर आज मधेशकै शिक्षा अवस्था नाजुक बनेको छ। स्थानीय तहले अब नेतृत्व लिनैपर्छ।'

उनले सरकारी विद्यालयमा भर्ना भएपछि अभिभावक र शिक्षक दुवैले जिम्मेवारी पूरा भयो भन्ने बुझाइ राख्ने प्रवृत्तिका कारण विद्यालय तहमा संकट गहिरिएको उल्लेख गरे। 'एक अर्कालाई देखाएर जिम्मेवारीबाट पन्छिने प्रवृत्तिले सामुदायिक विद्यालयमा अध्ययनको गुणस्तर कमजोर भएको छ,' सिंहको भनाइ थियो।

मुख्यमन्त्री सिंहले सामुदायिक विद्यालयमा लापरबाहीले गर्दा विद्यालय तहका बालबालिका लागूऔषधको दुर्व्यसनमा फसिरहेको चेतावनीसमेत दिए।

उनले भने, 'विद्यालय शिक्षा सुधार गर्ने मुख्य जिम्मेवारी शिक्षकको काँधमा छ। लागूऔषधको दुर्व्यसन विद्यालयमै फैलिएको छ, यसलाई सामाजिक रूपमा नियन्त्रण गर्न ढिलो भइसकेको छ।'

मुख्यमन्त्री सिंहले निजी विद्यालयमाथि पनि कटाक्ष गरे। उनका अनुसार, 'मधेशका निजी विद्यालयहरू विद्यार्थीको क्षमता विकासमा होइन, केवल प्रमाणपत्र वितरणमा सीमित छन्।'

सिंहले सामुदायिक र निजी विद्यालय दुवैको गुणस्तरमा सुधार गर्न स्थानीय तहका प्रमुख, उपप्रमुख र प्रशासकीय अधिकृतले सक्रिय भूमिका लिनुपर्नेमा जोड दिए।

सभामा नगर प्रमुख प्रदीपकुमार खड्काले आर्थिक वर्ष २०८२/८३ का लागि ४५ करोड २७ लाख ७७ हजार रुपैयाँको बजेट प्रस्तुत गरेका छन्।

## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**जलेश्वर नगरपालिका**

महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
